# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.६ प्रतिशतले घटेको थियो । आन्तरिक सम्पत्ति अघिल्लो वर्षको तुलनामा उच्च दरले घटेको भएतापनि बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उल्लेख्य वृद्धि भएको कारण विस्तृत मुद्रा प्रदाय अघिल्लो वर्षको तुलनामा कम दरले घटेको हो । संकुचित मुद्रा प्रदाय भने समीक्षा अवधिमा ३.६ प्रतिशतले घटेको छ ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. ८ अर्ब ३० करोड (३.८ प्रतिशत) ले वढेको छ । अघिल्लो वर्षको पहिलो महिनामा उक्त सम्पत्ति रू. १ अर्ब ५१ करोड (०.७ प्रतिशत) ले वढेको थियो । वस्तु निर्यात र विप्रेषण आप्रवाहमा वृद्धि हुनुका साथै आयातमा पनि न्यून मात्र वृद्धि भएकोले भुक्तानी सन्तुलनमा सुधार भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढ्न गएको हो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा कुल आन्तरिक कर्जा १.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.० प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ०.३ प्रतिशतले घटेको छ । अघिल्लो बर्षको सोही अवधिमा सो कर्जा ०.४ प्रतिशतले घटेको थियो ।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

४. समीक्षा अवधिमा बाणिज्य बैंकहरुको निक्षेप रू. ७४ करोडले बढेको छ भने कर्जा तथा लगानी रू. १ अर्ब ७० करोडले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा निक्षेप परिचालन रू. ५ अर्ब १ करोडले र कर्जा तथा लगानी रू. ४ अर्ब ५८ करोडले घटेको थियो । समीक्षा अवधिमा निजी क्षेत्र तर्फको कर्जा रू. ४ अर्ब ६८ करोडले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ३ अर्ब ७६ करोडले घटेको थियो ।

५. समीक्षा अवधिमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ३ करोडले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. १२ करोडले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रू. ३ अर्ब २४ करोडले घटेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ५१ करोडले, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्र तर्फको कर्जा रू. १ अर्ब १२ करोडले र कृषि क्षेत्रतर्फको कर्जा रू. २२ करोडले बढेको छ ।

### तरलता व्यवस्थापन

६. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा खुला बजार कारोवार अन्तर्गत रिपो बोलकबोल मार्फत रू. ७३ करोडको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपो बोलकबोलबाट रू. १२ अर्ब तरलता प्रशोचन भएको थियो ।

७. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २५ करोड ६६ लाख खुद खरिद गरी रू. १८ अर्ब ३८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १७ करोड २० लाख खुद खरिद गरी रू. १२ अर्ब ८२ करोड खुद तरलता प्रवाह गरेको थियो ।

८. समीक्षा अवधिमा अमेरिकी डलर २६ करोड बिक्री गरी रू. १८ अर्ब ६० करोड बरावरको भा.रू. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १६ करोड बिक्री गरी रू. ११ अर्ब ९२ करोड बरावरको भा.रू. खरिद भएको थियो ।

### अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

९. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा वाणिज्य बैंकहरूले कुल रू. ४६ अर्ब ४८ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको पहिलो महिनामा कुल रू. २६ अर्ब ३५ करोड बराबरको मात्र अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रू. ३ अर्ब ९४ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा २०६८ साउन मसान्तमा रू. १८ करोड ५० लाख वक्यौता रहेको छ । अघिल्लो वर्षको पहिलो महिनाको अन्त्यमा कुल रू. २ अर्व ९५ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा २०६७ साउनको अन्त्यमा यस्तो वक्यौता रहेको थिएन ।

### अल्पकालीन व्याजदर

१०. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा अल्पकालीन व्याजदरहरुमा सीमान्त वृद्धि भएको छ । उदाहरणको लागि ९१-दिने ट्रेजरी विलको भारित औषत व्याजदर २०६७ साउनमा ३.८१ प्रतिशत रहेकोमा २०६८ साउनमा ३.९८ प्रतिशत रह्यो । त्यसैगरी, भारित औसत अन्तरबैंक व्याजदर २०६७ साउनमा २.४६ प्रतिशत रहेकोमा २०६८ साउनमा २.६९ प्रतिशत कायम रह्यो ।

## धितोपत्र बजार

११. नेप्से सूचकाङ्कमा वार्षिक विन्दुगत आधारमा २२.६ प्रतिशतले कमी आई २०६८ साउन मसान्तमा ३५१.०१ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६७ साउन मसान्तमा ४५३.७ रहेको थियो । बजारमा शेयरको आपूर्ति उल्लेख्य रुपमा बढेकोले समेत शेयरको मूल्यमा गिरावट आएको हो ।

१२. धितोपत्रको बजार पूँजीकरण २०६८ साउन मसान्तमा वार्षिक विन्दुगत आधारमा १३.१ प्रतिशतले ह्रास आई रू. ३ खर्ब १२ अर्ब कायम भएको छ । २०६८ साउन मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २३.२ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६७ साउन मसान्तमा ३०.७ प्रतिशत रहेको थियो । कुल वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाहरुको ७०.८ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.३ प्रतिशत, होटलहरुको १.७ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.१ प्रतिशत र अन्यको १९.७ प्रतिशत अँश रहेको छ ।

१३. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि २३.३ प्रतिशत रही २०६८ साउन मसान्तमा रू. १ खर्ब २३ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो ।

१४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६८ साउन मसान्तसम्ममा २०९ पुगेको छ । यो संख्या २०६७ साउन मसान्तसम्ममा १७८ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १७७ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१५. आर्थिक वर्ष २०६८/६९ को साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कमा ९.९ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्कमा ५.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १२.५ प्रतिशत र ७.० प्रतिशत रहेको थियो ।

१६. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारीको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धि सवैभन्दा वढी ३९.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा २.२ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ०.८ प्रतिशत र ०.२ प्रतिशतले ह्रास भएको फलफूल र घिउ तथा तेल उप-समूहको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा क्रमशः २६.७ प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा चिनी तथा मिठाई र दुग्ध पदार्थ एवं अण्डाको मूल्य सूचकाङ्क क्रमशः २०.९ प्रतिशत र १६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः २२.२ प्रतिशत र १७.२ प्रतिशतले वृद्धि भएका थियो । समीक्षा अवधिमा रेष्टुरेण्ट तथा होटल, सूर्तिजन्य पदार्थ र माछा मासु उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ११.९ प्रतिशत, ११.४ प्रतिशत र ६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः १८.९ प्रतिशत, १०.० प्रतिशत र ११.० प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो बर्षको सोही अवधिमा १७.९ प्रतिशतले वृद्धि भएको खाद्यान्न उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १.२ प्रतिशतले मात्र वृद्धि भएको छ ।

१७. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता-कपडा तथा जुत्ता चप्पलको मूल्य सूचकाङ्कमा १३.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १०.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ८.० प्रतिशतको वृद्धि भएको यातायात क्षेत्रको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १२.८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ४.२ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको फर्निचर तथा घरायासी उपकरण र शिक्षा उप-समूहको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा क्रमशः १२.५ प्रतिशत र ८.९ प्रतिशतले वृद्धि भएको छ ।

१८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा वढी पहाडमा १०.३ प्रतिशतले, तराईमा ६.९ प्रतिशतले र काठमाडौं उपत्यकामा ६.६ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर पहाड, तराई र काठमाडौं उपत्यकामा क्रमशः १०.१ प्रतिशत, ८.४ प्रतिशत र १०.६ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

१९. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ५.७ प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धिदर ८.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्क अन्तर्गत स्वदेशमा उत्पादित वस्तुहरु, आयातीत वस्तुहरु र कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ११.५ प्रतिशत, ९.९ प्रतिशत र १.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ८.८ प्रतिशत, ७.० प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको थियो ।

२०. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदे वाली तर्फको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात १६.२ प्रतिशतले वृद्धि भएको छ । फलफूल तथा तरकारी र पशुजन्य उत्पादनको

वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क क्रमशः ५.४ प्रतिशत र ४.४ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, दलहन र खाद्यान्नको थोक मूल्य सूचकाङ्कमा भने क्रमशः ७.९ र ४.७ प्रतिशतले ह्रास आएको छ।

२१. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको पेय एवं सुर्तीजन्य पदार्थ र खाद्यजन्य वस्तुको थोक मूल्य सूचकाङ्क क्रमशः १८.४ प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, निर्माण सामाग्रीको थोकमूल्य सूचकाङ्क समीक्षा अवधिमा २.५ प्रतिशतले मात्र वृद्धि भएको छ।

२२. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोईला र विद्युतीय सामानको थोकमूल्य सूचकाङ्क क्रमशः १६.१ प्रतिशत र १५.३ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, कपडाजन्य सामग्री र रासायनिक मल तथा रासायनिक पदार्थका मूल्य सूचकाङ्कमा क्रमशः १४.८ प्रतिशत र ९.७ प्रतिशतले वृद्धि भएको छ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२३. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ३०.५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १४.२ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा तलब सूचकाङ्क १९.१ प्रतिशतले बृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ३३.८ प्रतिशतले बृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको थिएन भने ज्यालादर सूचकाङ्कमा १९.२ प्रतिशतले वृद्धि भएको थियो।

२४. समीक्षा अवधिमा तलब अन्तर्गत निजामती सेवा, सार्वजानिक संस्थान र बैंक तथा वित्तीय संस्थाको तलब सूचकाङ्क क्रमशः १८.७ प्रतिशत, २२.८ प्रतिशत र ४२.४ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, सैनिक र प्रहरी सेवा, शिक्षा र प्राईभेट संस्थाको तलब सूचकाङ्क क्रमशः २६.५ प्रतिशत, १९.१ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा कुनै परिर्वतन भएको थिएन।

२५. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत निर्माण, कृषि र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ३७.४ प्रतिशत, ३६.९ र प्रतिशत २५.८ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कमा क्रमशः १५.८ प्रतिशत, २८.६ प्रतिशत र ३.९ प्रतिशतले वृद्धि भएको थियो।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२६. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा सरकारी बजेट रू. १० अर्व ९३ करोडले बचतमा रहेको छ। समीक्षा अवधिमा सरकारी खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले सरकारी बजेट बचतमा रहेको हो। अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू. ४ अर्व ९७ करोडले बचतमा रहेको थियो।

### सरकारी खर्च

२७. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा २८.५ प्रतिशतले कमी आई रू. ७ अर्व १३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सरकारी खर्चमा ८.१ प्रतिशतले कमी आएको थियो।

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ५८ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका सरकारी कारोवार गर्ने ४३ शाखा मध्ये ३८ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेड र ग्लोवल बैंक लिमिटेडको १–१ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको।

### सरकारी राजस्व

२८. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा नेपाल सरकारको राजस्व परिचालन १४.१ प्रतिशतले वृद्धि भई रू. १५ अर्व १ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा राजस्व १२.१ प्रतिशतले वृद्धि भई रू. १३ अर्व १६ करोड पुगेको थियो।

२९. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको वृद्धिदरमा विस्तार आएतापनि भन्सार, आयकर र सवारी कर राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको र रजिष्ट्रेशन शुल्क, शिक्षा सेवा कर र गैर-कर राजस्व परिचालनमा भने कमी आएको छ।

### वैदेशिक नगद ऋण र अनुदान

३०. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रू. ५० करोड ९० लाख र वैदेशिक नगद अनुदानवापत् रू. ३ अर्व ६६ करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रू. १८ करोड ३५ लाख र रू. १ अर्व २८ करोड प्राप्त भएको थियो।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार

३१. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.९ प्रतिशतले वृद्धि भई रू. ६ अर्ब ७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात १६.९ प्रतिशतले घटी रू. ५ अर्ब १५ करोडमा सीमित भएको थियो।

३२. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १६.३ प्रतिशतले बढेको छ। यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ११.९ प्रतिशतले बढेको थियो। त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ४४.२ प्रतिशतले घटेको विपरित समीक्षा अवधिमा २०.९ प्रतिशतले बढेको छ। भारततर्फ मुख्यतयाः जस्ता पाता, लत्ताकपडा, अलैंची, तार र तामाको तार तथा रडको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो। त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, नेपाली कागज र सोका सामान र चियाको निर्यातमा वृद्धि भएका कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो।

३३. समीक्षा अवधिमा कुल वस्तु आयात ७.२ प्रतिशतले बढेर रू. ३२ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २०.३ प्रतिशतले वृद्धि भई रू. ३० अर्ब ५१ करोड पुगेको थियो।

३४. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको पहिलो महिनामा ३५.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ४.५ प्रतिशतले घटेको छ। त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा १.४ प्रतिशत कमीको विपरित समीक्षा अवधिमा ३०.५ प्रतिशतले वृद्धि भएको छ। भारतबाट मुख्यतयाः एम.एस बिलेट, रासायनिक मल, कोल्डरोल्ड शिट इन क्वाइल, अन्य मेशिनरी तथा पार्टस् र धान/चामलको आयात घटेको छ। अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, रासायनिक मल, विद्युतीय सामाग्री र औषधिको आयातमा वृद्धि भएको छ।

३५. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ५.० प्रतिशतले वृद्धि भई रू. २६ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ३२.३ प्रतिशतले वृद्धि भएको थियो। कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ८.७ प्रतिशतले ह्रास आएको छ। अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ४१.० प्रतिशतले वढेको थियो। त्यस्तै, अघिल्लो वर्षको पहिलो महिनामा १७.७ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३२.५ प्रतिशतले बढेको छ।

३६. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा निर्यात-आयात अनुपात १८.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.९ प्रतिशत रहेको थियो ।

### शोधनान्तर स्थिति

३७. आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रू. ८ अर्ब ३० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. १ अर्व ५१ करोडले शोधनान्तर बचतमा रहेको थियो । आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनामा चालू खाता रू. ७३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रू. २ अर्ब ४२ करोडले घाटामा रहेको थियो । खासगरी व्यापार एवं सेवा खातामा भएको सुधारका साथै विप्रेषण आप्रवाहमा भएको उल्लेखनीय वृद्धिका कारण चालू खाता बचतमा रहन गई समग्रमा शोधनान्तर स्थिति बचतमा रहन गएको हो ।

३८. समीक्षा अवधिमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ३२.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.९ प्रतिशतले मात्र वृद्धि भई रू. २५ अर्ब ५८ करोड पुगेको छ । समीक्षा अवधिमा खूद सेवा खाता रू. ४१ करोडले बचतमा गएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता घाटा ५१.६ प्रतिशतले घटी रू. १ अर्व १६ करोड रहन गएको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा १३.२ प्रतिशतले वृद्धि भई रू. २६ अर्ब १५ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत पेन्सन आय १.४ प्रतिशतले घटी भई रू. ३ अर्ब ३२ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्षको ६.५ प्रतिशत वृद्धिको तुलनामा २३.६ प्रतिशतले वृद्धि भई रू. २१ अर्ब ८७ करोड पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रू. ४६ करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ ।

### विदेशी विनिमय सञ्चिति

३९. २०६८ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६८ असार मसान्तको रू. २ खर्ब ७२ अर्व १० करोडको तुलनामा ४.३ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ८३ अर्व ७७ करोड पुगेको छ । २०६७ साउन मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा ०.४ प्रतिशतले घटेर रू. २ खर्ब ६७ अर्ब ८५ करोड रहन गएको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रू. २ खर्ब १३ अर्व ९ करोडको तुलनामा २०६८ साउन मसान्तमा ५.६ प्रतिशतले वृद्धि भई रू. २ खर्ब २५ अर्ब १२ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६८ असारदेखि २०६८ साउन मसान्तसम्ममा २.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्व ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ०.५ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६८/६९ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.९ महिनाको वस्तु आयात र ७.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४०. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६७ साउन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७५.९३ रहेकोमा २०६८ साउन मसान्तमा ४३.४ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर १०८.८९ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६७ साउन मसान्तको तुलनामा २०६८ साउन मसान्तमा ४२.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १७३९.०० पुगेको छ ।

४१. २०६८ असार मसान्तको तुलनामा २०६८ साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.६ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.१ प्रतिशतले अवमूल्यन भएको थियो । २०६८ साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७२.१० पुगेको छ । २०६८ असार मसान्तमा उक्त विनिमय दर रू. ७०.९५ रहेको थियो ।